# नेपालमा जलवायु परिवर्तन बजेट साङ्केतीकरण र कोशी प्रदेशको अभ्यास

## लेखाजोखा प्रतिवेदन-२०८०

Community Engagements & Outreach

www.ceo.com.np

## पुस्तिका बारे....

कम्युनिटी इन्गेजमेन्ट एण्ड आउटरिच (सीइओ) प्रा.लि.ले द एसिया फाउण्डेशनको सहयोगमा कोशी प्रदेशको आर्थिक विकास, लगानी प्रवर्द्धन र आर्थिक वृद्धिका विभिन्न विषयमा अध्ययन तथा सम्बन्धित सरोकारवालाहरू बिच सहकार्य प्रवर्द्धनमा केन्द्रित क्रियाकलाप सञ्चालन गर्दै आएको छ । यस क्रममा सन् २०२२-२३ को कार्यक्रममा मोरङ-सुनसरी आर्थिक करिडोर क्षेत्रका स्थानीय तहले वातावरण संरक्षण र उद्योगको प्रवर्द्धनका लागि गरिरहेका प्रयासहरुको लेखाजोखा तथा यसका लागि स्थानीय तह सहकार्य प्रवर्द्धनका गतिविधि, विराटनगर महानगरपालिका क्षेत्रमा विद्यमान भू-उपयोगमा समस्या सम्बन्धी अध्ययन (केस स्टडी) तथा कोशी प्रदेश सरकारको बजेटमा जलवायु परिवर्तन साङ्केतिकरणको अभ्यास सम्बन्धी संक्षिप्त अध्ययन समावेश थिए ।

नेपाल जलवायु परिवर्तनको दुष्प्रभावबाट गुज्रिरहेको छ । त्यसैले सरकारले गर्ने विकासका कार्यक्रम र निजी क्षेत्रबाट हुने लगानी तथा आर्थिक गतिविधिमा नेपाल सरकारले विश्व मञ्चमा गरेको प्रतिवद्धता अनुसार जलवायु परिवर्तन अनुकुलन र न्यूनिकरणका सवाललाई प्राथमिकतामा राख्नु पर्ने आवश्यकता छ । यसैलाई दृष्टिगत गरी सरकारी खर्चको जलवायु परिवर्तन अनुकुलन र न्यूनिकरण सान्दर्भिकता विश्लेषणमा सहयोग पुग्नेगरी नेपाल सरकारले जलवायु बजेट साङ्केतिकरण गर्दै आएको छ । कोशी प्रदेश सरकारले पनि पछिल्ला वर्षहरू बजेटमा जलवायु सङ्केत प्रदान गर्न शुरु गरेको छ । यस पृष्ठभूमिमा जलवायु बजेट साङ्केतिकरणको अभ्यासलाई थप प्रभावकारी बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यले एक संक्षिप्त अध्ययन गरिएको थियो । उक्त अध्ययनको निष्कर्ष तथा जलवायु वित्त र जलवायु बजेटका आधारभूत जानकारी समेटेर यो पुस्तिका तयार गरिएको हो ।

यो अध्ययनका लागि सहयोग गर्ने द एसिया फाउण्डेशनप्रति आभारी छौं । अध्ययनका क्रममा महत्वपूर्ण सूचना उपलब्ध गराएर सहयोग गर्ने कोशी प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग, पर्यटन वन तथा वातावरण मन्त्रालय लगायत सबैप्रति कृतज्ञ छौं । साथै, यो अध्ययन र पुस्तिका तयारीको कार्यमा संलग्न हुनुभएका नेपाल सरकारका पूर्व सचिव गोपीनाथ मैनाली र सीइओका डेपुटी टिम लिडर अनिरुद्र न्यौपाने लगायत सबैलाई धन्यबाद । आशा छ, यो पुस्तिका कोशी प्रदेश सरकार लगायत जलवायु परिवर्तनका विभिन्न सवालमा काम गर्ने सबै सरोकारवालाहरूका लागि उपयोगी हुनेछ ।

....................

रितिमा प्रधान

कार्यकारी निर्देशक

# विषयसूची


| | | |
|---|---|---|
| १. | परिचय | १ |
| | १.१. जलवायु परिर्वतन | १ |
| | १.२ . जलवायु बजेटको अवधारणा | २ |
| | १.३. जलवायु वित्त र जलवायु बजेट | ३ |
| | १.४. कार्यक्रम र बजेटसँग जलवायु परिवर्तन अनुकूलनका राष्ट्रिय प्राथमिकता | ५ |
| | १.५. जलवायु बजेट सङ्केतीकरणको आवश्यकता | ६ |
| | १.६. विभिन्न तहमा जलवायु बजेट साङ्केतिकरणको औचित्य | ७ |
| | १.७. जलवायु बजेट साङ्केतिकरणको राष्ट्रिय अभ्यास | ८ |
| | १.८. जलवायु परिवर्तन र दिगो विकास लक्ष्य | १२ |
| २. | सङ्घीय तहमा जलवायु परिवर्तन अनुकुलनको नीतिगत र संस्थागत प्रवन्ध | १३ |
| ३. | कोशी प्रदेशमा जलवायु परिवर्तन अनुकुलनको नीतिगत र संस्थागत प्रवन्ध | १६ |
| ४. | जलवायु परिवर्तन अनुकलन बजेट सम्वनधी संघीय निर्देशिकाले समेटेका क्षेत्र तथा सूचकहरू | १७ |
| ५. | जलवायु सङ्केत अनुसार संघीय र प्रदेश बजेट | २० |
| ६. | प्रदेश बजेटमा जलवायु परिवर्तनका सवालको मूलप्रवाहीकरण | २१ |
| ७. | जलवायु परिवर्तन बजेटको प्रभावकारिता विस्तार | २२ |
| ८. | प्रदेश बजेटमा जलवायु सङ्केतीकरणको विधि र अभ्यास | २४ |
| ९. | कोशी प्रदेशमा जलवायु परिवर्तन साङ्केतीकरणको अभ्यासमा सुधारका क्षेत्र | २६ |
| १०. | निष्कर्ष तथा सुझावहरू | २८ |
| ११. | उपसंहार | ३० |

# १. परिचय

## १.१. जलवायु परिवर्तन

जलवायु परिवर्तन समकालीन समयको एक महत्वपूर्ण सवाल र विश्वको प्रमुख समस्या हो । अविवेकशील मानव क्रियाकलापका कारण उत्सर्जीत हरितगृह ग्यासहरूको मात्रामा अत्याधिक वृद्धि भई अनपेक्षित रुपमा वायुमण्डलको तापक्रम बढ्न गई प्रकृतिको स्वभाविक सन्तुलन प्रक्रिया भङ्ग हुँदा प्राणी तथा वनस्पतिको जीवन सहायता प्रणालीलाई प्रतिकूल प्रभाव परेको छ । हरितगृहले पृथ्वीको तापक्रमलाई सन्तुलित वनाई राख्न मद्दत गर्दछ । पृथ्वीको स्वाभाविक सन्तुलनलाई यसको पर्यावरणले थेग्न सकेसम्म जलवायु परिवर्तनको नकारात्मक परिणाम देखिँदैन । पृथ्वीको स्वाभाविक भारबहन क्षमताको प्रवाह नगरी तत्कालीन लाभका लागि सञ्चालन भएका मानव क्रियाकलापले हरितगृह ग्यासको सतह बढ्न गई वायुमण्डलको तापमान बढ्न गएको हो । सन् २०१९ को आइपीसीसी प्रतिवेदन अनुसार इन्धन (ऊर्जा), उद्योग, यातायात र भवनबाट समग्रमा ७८ प्रतिशत र कृषि, वन र अन्य भू-उपयोगबाट २२ प्रतिशत हरित ग्याँस उत्सर्जन हुने गरेको छ । आइपीसीसी प्रतिवेदन २००७ अनुसार वायुमण्डलमा उत्सर्जन हुने हरितगृह ग्यासमा इन्धनको हिस्सा सबैभन्दा बढी (२५.९ प्रतिशत) छ । त्यसपछि कलकारखानाबाट १९.४, वन क्षेत्रबाट १७.२, कृषि क्षेत्रबाट १३.५, यातायात साधनबाट १३.१, भवनबाट ७.९, फोहरमैला तथा फोहर पानीबाट २.९ प्रतिशत हरितगृह ग्यास उत्सर्जन हुन्छ । सबै क्षेत्रबाट हरितगृह ग्यास उत्सर्जन हुनुको मुख्य कारण नै मानव क्रियाकलाप हो ।

जलवायु परिवर्तन सम्वनधी प्रतिवेदनहरूमा सन् १८५० देखि विश्वको तापमान बढ्दै गएको अनुमान गरिएको छ । १९९० को दशकमा वायुमण्डलको तापमान निकै बढेको महशुस गरियो । सन् १८५०-६० देखि सन् २०११-२० को अवधिमा विश्वको तापमान औसतमा १.०९ डिग्री सेल्सियस विनदुले बढेको पाइएको छ । यही क्रममा तापमान बढ्दै गएमा सन् २०३० मा यो १.२ डिग्री, २०५० मा १.७ डिग्री र २१०० मा ३ डिग्री सेल्सियस बढ्ने छ । पेरिस जलवायु वार्तामा सन् २१०० सम्म तापमान वृद्धिलाई अधिकतम २ डिग्री सेल्सियस भन्दा कममा सीमित गर्ने प्रतिवद्धता विभिन्न राष्ट्रहरूले गरेका छन् । १.८ डिग्री सेल्सियसमा मात्र सीमित राख्ने प्रयास गर्ने प्रतिवद्धता पनि उनीहरूले गरेका छन् । सन् २०५० सम्ममा अधिकतम तापमान वृद्धिलाई १.५ प्रतिशतमा सीमित गर्ने लक्ष्य राखिएको छ ।

नेपालमा पनि प्रत्येक पछिल्ला वर्षमा अघिल्ला वर्षको तुलनामा तापमान बढेको अनुभव आम मानिसले गरेका छ। सन् १९७५ देखि सन् २००६ को ३२ वर्षको अन्तरालमा १.८ डिग्री सेल्सियस (प्रति वर्ष ०.०६ डिग्री) तापमान बढेको छ। विस्तारै वायुमण्डलको उष्णता बढ्दै गएको छ। एक आँकडा अनुसार वायुमण्डमा कार्बनडाइअक्साइडको मात्रा २८० बाट बढेर ३७० पीपीएम पुगेको छ। सन् २१०० सम्म ७०० देखि ८०० पीपीएमसम्म पुग्ने अनुमान छ। नेपाल पेरिस जलवायु वार्ता र दिगो विकासको पक्ष मुलुक भएकोले जलवायु परिवर्तनमा यी सवालमा नेपाल सरकार लगायत सबै पक्षको चासो र सरोकार रहन्छ।

नेपालजस्ता कम विकसित मुलुकहरूको कार्बन उत्सर्जनमा योगदान नगण्य छ। विश्वका ३५ प्रतिशत भन्दा बढी जनसङ्ख्या बसोबास गर्ने विकसित देशहरूले प्रतिव्यक्ति ९ टन कार्बनडाइअक्साइड उत्सर्जन गरिरहेको आँकडा छ भने अति कम विकसीत मुलुकले प्रतिव्यक्ति १.७ टन मात्र उत्सर्जन गर्छन् तर तापमान वृद्धि र जलवायु परिवर्तनको असर भने कम कार्बन उत्सर्जन गर्ने गरीब मुलुकलाई बढी छ। त्यसैले नेपाल जस्ता देशले यो विषयलाई विश्व मञ्चमा सशक्त रुपमा उठाउनु आजको आवश्यक हो।

नेपाल चौथो जलवायु सङ्कटापन्न मुलुक हो। जलवायु परिर्वतन समुत्थानशील विकासका लागि जलवायु परिवर्तन न्यूनिकरण र अनुकूलन गरी दुई रणनीति लिने गरिन्छ। अल्प विकसित मुलुकको नाताले नेपालले न्यूनिकरणभन्दा अनुकूलनको रणनीति लिनु आवश्यक छ। त्यसै अनुसार सरकार, निजी क्षेत्र लगायत सबै पक्षबाट गरिने लगानीलाई जलवायु अनुकुलनमा बढी केन्द्रित गर्नु आवश्यक छ। यद्यपि अन्तर ाष्ट्रिय प्रतिबद्धता अनुसार न्यूनिकरणका लागि पनि केही लगानी गर्नुपर्ने हुन्छ। जलवायु बजेट र जलवायु वित्तको सवाललाई यही राष्ट्रिय प्राथमिकता अनुसार विश्लेषण गर्नु र नीति तथा विकास प्रयासलाई अघि बढाउनु आवश्यक छ।

## १.२ .जलवायु बजेटको अवधारणा

विश्व समुदायमा जलवायु वित्तले महत्व र परिभाषा पाए पनि जलवायु बजेटको अवधारणाले सन् २०१२ मा नेपालले पहिलो पटक जलवायु परिवर्तन बजेट कोड तर्जुमा गरेपछि मात्र पहिलो पटक प्रवेश पाएको हो। जलवायु परिवर्तन नीति २०६७ मा

जलवायु परिवर्तन कोष स्थापना गरी सबै क्षेत्रबाट प्राप्त जलवायु सम्वनधी रकमहरू कोषमा जम्मा गरी सो को कम्तीमा ८० प्रतिशत जलवायु सम्बन्धित क्रियाकलापमा प्रत्यक्ष खर्च गर्ने नीति लिएको थियो । तर के कस्ता कार्यक्रममा विनियोजन भएका रकमलाई जलवायु बजेटमा समावेश गर्ने भन्ने आधार थिएन । त्यसपछि २०१२ मा नेपाल सरकारले राष्ट्रिय योजना आयोगको सहसचिवको संयोजकत्वमा गठित समितिले दिएको प्रतिवेदनले जलवायु परिवर्तन बजेटको व्यावहारिक अर्थ लगाउने प्रयास गऱ्यो। जस अनुसार वार्षिक बजेट कार्यक्रममा जलवायु समुत्थानशील नीति कार्यक्रमलाई सम्बोधन गर्न विनियोजन गरिएको रकम जलवायु बजेट हो। समुत्थानशील (जलवायुमैत्री) विकासले दिगो विकास, ऊर्जा र वैकल्पिक ऊर्जा, जलाधार संरक्षण, विपद् व्यवस्थापन लगायत अनुकूलन र न्यूनिकरणका कार्यक्रम, परियोजना र क्रियाकलापहरू जनाउँदछ।

नेपालले जलवायु बजेटको अवधारणा राष्ट्रिय बजेटमा समावेश गरेपछि अन्य मुलुकहरूले जलवायु बजेटलाई ब्यवस्थित र विशेषीकृत गर्ने तथा कार्यक्रम एवम् क्रियाकलापको सङ्केत राख्ने काम भएको छ । साथै जलवायु बजेटका सम्वनधमा साझा बुझाई र अभ्यास गर्ने काममा समेत यसले योगदान गरेको छ। विश्व बैंकले सार्वजनिक गरेको जलवायु बजेटको सन्दर्भमा अन्तर्राष्ट्रिय अनुभवको लेखाजोखा प्रतिवेदन २०२१ मा उल्लेख भए अनुसार सन् २०१२ मा नेपाले जलवायु बजेटको विधि कार्यान्वयनमा ल्याएयता कम्तीमा १९ देशले यस्ता विधिको विकास र कार्यान्वयन गर्न थालेका छन् ।

## १.३. जलवायु वित्त र जलवायु बजेट

सामान्यतया वित्त भन्नाले खास क्षेत्रको आर्थिक साधनको प्राप्ति तथा निसर्ग (आम्दानी तथा खर्च) भन्ने बुझिन्छ भने बजेट वित्तको एकवर्षीय कार्य खाका हो । अन्तर्राष्ट्रिय तहमा कार्बन वित्त, जलवायु वित्त जस्ता शब्दहरू जलवायु परिवर्तन सम्मेलनका प्रतिवेदन तथा आलेखहरूमा प्रयोग हुँदै आए पनि जलवायु वित्तको मान्य परिभाषा गरिएको थिएन । रियो मार्करले विकास सहायता आयोजनाका लागि विकास वित्तमा जलवायु शब्द उल्लेख गरे पनि यसले जलवायु वित्तलाई अर्थ्याउने काम भने गरेन । जलवायु बजेटको पहिलो प्रयोग नै सन् २०१२ मा नेपालबाट भएको हो ।

सामान्य अर्थमा जलवायु वित्त शब्दले जलवायु परिवर्तन न्यूनिकरण र अनुकूलनसँग सम्बन्धित लगानी प्रक्रियालाई जनाउँछ । संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन खाका महासन्धीका

अनुसार जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकुलनलाई सम्बोधन गर्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहबाट गरिने कोष व्यवस्थापन नै जलवायु वित्त हो ।

मुलुकहरू समान तर फरक जिम्मेवारीमा छन् भन्ने जलवायु व्यवस्थापनको स्थापित सिद्धान्तका आधारमा राष्ट्र संघीय जलवायु परिवर्तन खाका महासन्धीको उद्देश्य पूरा गर्न विभिन्न जलवायु संयन्त्रमार्फत जलवायु वित्त प्रवाह गरिन्छ । यस्ता जलवायु परिवर्तन विशेष (क्लाइमेट डेडिकेटेड) वित्त संयन्त्रमा ग्लोबल इन्भाइरोन्मेन्ट इनिसिएटिभ (जीइएफ), हरित जलवायु कोष (जिसिएफ), अल्प विकसित मुलुकहरूका लागि कोष (एलडिसीएफ), अनुकूलन कोष (एएफ), विशेष जलवायु कोष (एससीसीएफ) मा विकसित मुलुकहरूले निश्चित रकम (स्वेच्छिक रुपमा अन्यले पनि) जम्मा गर्छन् र त्यसबाट जलवायु परिवर्तन न्यूनिकरण र अनुकूलनका कार्यक्रममा उपयोग गरिन्छ । जलवायु परिवर्तनको समस्यालाई सम्बोधन गर्न खाका महासन्धीभित्र रहेर अन्य संयन्त्रको पनि व्यवस्था गर्न सकिन्छ ।

नेपाल जस्ता जलवायु सङ्कटापन्न मुलुकहरूले बाह्य जलवायु वित्त संयन्त्रबाट रकम प्राप्त गरेर वा राष्ट्रिय रुपमा कोष व्यवस्थापन गरेर जलवायु वित्त परिचालन गर्न सक्दछन् । यसका जलवायु परिवर्तन नीति, राष्ट्रिय अनुकूलन योजना, राष्ट्रिय अनुकूलन कार्यक्रमको खाकामा रहेर कार्यक्रमहरूमा वित्तीयकरणको कार्य भइरहेको छ ।

जलवायु वित्तको स्रोत, यसका संयन्त्र, वित्तीय प्रवाहको तरिका, क्षेत्रगत लक्ष्य निर्धारण र परिमाणका विषयमा साझा बुझाई विकास भइसकेको भने देखिँदैन । राष्ट्रिय, क्षेत्रीय, स्थानीय आवश्यकता र क्षमताको आधारमा वित्त परिचालन गर्नुपर्ने स्थिति छ ।

जलवायु बजेट जलवायु वित्तलाई मूल राष्ट्रिय नीति खाकामा वार्षिक रुपमा मूल प्रवाहीकरण (आवद्ध) गर्ने विधि हो । यसले सरकारका नीति प्रतिवद्धता अनुरुप वार्षिक विकास कार्यक्रम/क्रियाकलापहरूलाई निर्दिष्ट गराउने सैद्धान्तिक आधार प्रदान गर्छ । जलवायु बजेट पहिलोपटक प्रचलनमा ल्याउँदा नेपाल सरकारले जलवायु परिवर्तनका कार्यक्रमहरूको समन्वयात्मक ढङ्गले प्रभावकारी रुपमा कार्यान्वयन गर्न र लगानीको वित्तीय रणनीतिक खाकाको विकास गर्न जलवायु बजेट संयन्त्रलाई उपयोगमा ल्याएको देखिन्छ । जलवायु परिवर्तन नीतिले जलवायु वित्तलाई एकीकृत गरी त्यसको कम्तीमा ८० प्रतिशत रकम सिधै कार्यक्रम तहमा खर्च हुनुपर्ने प्रावधान अनुरुप जलवायु बजेटको अवधारणा कार्यान्वयनमा

ल्याइएको थियो । जसअनुरुप बजेटमा समावेश भएका वार्षिक विकास कार्यक्रमहरू सम्बन्धित नीतिमा आधारित भए वा नभएको विश्लेषण/मुल्याङ्कन गरिन्छ। यसका लागि प्रत्येक कार्यक्रमलाई कोडिङ गरिएको हुन्छ।

बजेट कोड (सङ्केत) बजेटलाई घोषित नीति कार्यक्रममा के कति सम्बोधन भएको छ भनी विश्लेषण र तुलना गर्ने विधि वा संयन्त्र हो। यो बजेट सुधारको अभिन्न भाग पनि हो । जलवायु परिवर्तन बजेट कोडले खास आर्थिक वर्षको विनियोजन कार्यक्रमहरू कति जलवायु संवेदनशील भए भनेर विश्लेषण गर्ने आधार दिन्छ।

नेपाल सरकारले आ.व. २०६७/६८ बाट प्रयोगमा ल्याएको जलवायु परिवर्तन बजेट कोडको अवधारणालाई आ.व. २०७६/७७ को कृषि क्षेत्रको बजेट तर्जुमाका क्रममा क्रियाकलाप तहदेखि नै जलवायु कोडिङ गर्ने कार्यखाका (टाइपोलोजली) अभ्यासमा ल्याइएको छ । जलवायु सघन कार्यक्रम भएका अन्य विषय क्षेत्र (वन, भू-उपयोग, पूर्वाधार क्रियाकलाप) मा पनि यसै प्रकारको क्षेत्रगत विशिष्टीकृत कार्यखाका अपनाउन सकिन्छ।

## १.४. कार्यक्रम र बजेटसँग जलवायु परिवर्तन अनुकूलनका राष्ट्रिय प्राथमिकता

नेपाल पहाडी मुलुक हो। नेपालका पहाडी शृङ्खलाहरू तुलनात्मक रुपमा कलिला छन्। उच्च हिमयुक्त पहाड नै नेपालको पानी तथा जनजीवनको आधार हो। नेपालको अर्थतन्त्र पहाडी अर्थतन्त्र भएकोले निकै संवेदनशील पनि छ। त्यसैले नेपालले जलवायु परिवर्तन नीति-२०६७ जारी हुनु अघिदेखि नै नीति कार्यक्रममा अप्रत्यक्ष रुपमा जलवायुको सवाललाई सम्बोधन गर्दै आएको थियो । दशौं योजनामा आयोजना प्राथमिकीकरणको एक आधार वातावरणलाई राखिएको थियो। जलवायु परिवर्तन नीति, २०६७ जारीपछि जलवायु परिवर्तन न्यूनिकरण र अनुकूलनका कार्यक्रमहरू, राष्ट्रिय अनुकूलन कार्यक्रम (नापा) र स्थानीय अनुकूलन कार्यक्रम (लापा) कार्यान्वयनमा ल्याइयो । त्यस्तै तेह्रौं आवधिक योजनाले जलवायु परिवर्तन अनुकूलनलाई एक रणनीतिको रुपमा स्थापना गऱ्यो । स्थानीय निकायका कार्यक्रममा पनि जलवायु अनुकूलनतालाई जोड दिइयो । सबै क्षेत्रगत कार्यक्रमहरूलाई निर्दिष्ट गर्न जलवायु समुत्थानशील योजना कार्यखाका जारी गरियो । अवधारणागत मार्गदर्शनका लागि हरित अर्थतन्त्रको अवधारणा समेत तर्जुमा गरियो ।

आवधिक योजनाले जलवायु परिवर्तन नीति, २०६७ लाई कार्यान्वयन गर्न यसका भावनालाई आन्तरिकीकरण गरेको थियो भने वार्षिक विकास कार्यक्रम (बजेट) तर्जुमाको मार्गदर्शनमा पनि यसलाई समेटियो । जलवायु परिवर्तन अन्तरसम्बन्धित विषय भएकोले क्षेत्रगत नीति कार्यक्रममा यसलाई सम्बोधन गर्न मन्त्रालय तथा अन्य सरोकारवालालाई निर्दिष्ट गर्न प्रधानमन्त्रीको अध्यक्षतामा जलवायु परिवर्तन परिषद् र क्रियाकलाप तहमा वित्त समेतको समन्वय गर्न जलवायु परिवर्तन बहुसरोकारवाला समन्वय समिति (एमसीसीआइसीसी) क्रियाशील थियो । जिल्ला तहमा जिल्ला विकास समितिले कार्यक्रम तथा क्रियाकलाप तहमा समन्वय गर्दथ्यो ।

जलवायु परिवर्तन नीति, २०७६ र पन्धौ पञ्चवर्षीय योजनाले जलवायु परिवर्तनलाई अन्तरसम्बन्धित विषयका रुपमा लिई राष्ट्रियस्तरदेखि स्थानीयस्तरसम्मका कार्यक्रमलाई जलवायु अनुकूलनता सम्बोधन गर्न प्राथमिकीकरणमा राखेको छ । साथै निजी तथा सामुदायिक तहका कार्यक्रममा पनि अप्रत्यक्ष रुपमा सम्बोधन गरिएको छ ।

## १.५. जलवायु बजेट सङ्केतीकरणको आवश्यकता

जलवायु परिवर्तन मानव समुदाय र समस्त वनस्पति-प्रजातिका लागि मौन सङ्कटको रुपमा आएको छ । यसले जनजीवनका सबै क्षेत्रलाई एकैचोटी प्रभाव पारिरहेकाले जलवायु कार्बन उत्सर्जनको न्यूनिकरण र यसबाट सिर्जित प्रभावमा अनुकूलनको सख्त आवश्यकता परेको छ । सरकारले राष्ट्रिय, स्थानीय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरूको कार्यान्वयन स्तर विवेचना गरी विकास व्यवस्थापनलाई जलवायु समुत्थानशील वनाउनु यस शताब्दीको सबैभन्दा ठूलो आवश्यकता हो । बजेट र योजना, जलवायु परिवर्तन नीति र क्षेत्रगत नीति बिच जलवायु संवेदनशीलता कायम गर्नु आवश्यक छ । नेपालको सन्दर्भमा जलवायु बजेट साङ्केतीकरणको आवश्यकता देहायका आधारमा देखिएको छ ।

- आवधिक तथा दीर्घकालीन योजनालाई जलवायु संवेदनशील वनाउन,
- बजेट तथा वार्षिक विकास कार्यक्रमलाई जलवायु परिवर्तन नीतिसँग आवद्ध गराउन,
- क्षेत्रगत नीतिहरूलाई जलवायु परिवर्तनका रणनीतिसँग आवद्ध गराउन,

- बजेट र योजना निकायमार्फत कार्यक्रम समन्वय गर्न,
- ठूला आयोजना जलवायुमैत्री वनाउन,
- जलवायु वित्त स्थानीयस्तरबाट परिचालन गर्न,
- शासकीय तहहरूबीच जलवायु नीति तथा योजनाबारे साझा बुझाई कायम गर्न,
- प्रकोपजन्य जोखिम संयन्त्रको जलवायुसँगको आवद्धता कायम गर्न,
- जलवायु समुत्थानशीलता मार्फत विकास क्रियाकलाप सहभावीकरण गर्न,
- निजी तथा समुदायस्तरका कार्यक्रम र व्यवहारलाई क्रमशः जलवायुमैत्री वनाउँदै लैजान

## १.६. विभिन्न तहमा जलवायु बजेट साङ्केतिकरणको औचित्य

नेपालमा वार्षिक विकास कार्यक्रमलाई जलवायु साङ्केतीकरणको शुरुवात गर्नुका विभिन्न अन्तरनिहित उद्देश्य थिए। मूलतः सरकारले अवलम्वन गरेको जलवायु परिवर्तन नीति र अन्तर्राष्ट्रिय तहमा गरेको जलवायु प्रतिबद्धतालाई बजेटले कसरी सम्बोधन गरेको छ भनी विश्लेषण गर्नु थियो। प्रतिबद्धताको स्तर कम भएको देखिएमा विस्तार गर्न पनि यसले आधार दिन्थ्यो। बजेट तर्जुमा दिग्दर्शन २०७५ ले विभिन्न निकायबाट भएका जलवायु परिवर्तनका सवाललाई सम्बोधन गर्न भएका खर्चको एकीकृत विवरण, खर्च प्रभावकारिताको अनुगमन र आगामी वर्षहरूमा जलवायु परिवर्तनका क्षेत्रमा लगानीको सुनिश्चिचताका लागि जलवायु साङ्केतिकरण आवश्यक परेको उल्लेख गरेको छ। जलवायु बजेट साङ्केतिकरणको औचित्यलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ।

- जलवायु नीति कार्यक्रम (विशेषतः अनुकूलन, मिटिगेशन र क्षमत विकास) मा सरकारी निकायको नीति संवेदनशीलता देखाउँछ। नीति र साधनको आवद्धताले कार्यक्रम उपलब्धीको जग बसाउँछ। संघीय सरकार मात्र नभई प्रदेश र स्थानीय तहले समेत जलवायु परिवर्तन र वातावरण सम्वनधी नीतिलाई बजेटसँग आवद्ध भएको सुनिश्चित गर्ने औजारका रुपमा जलवायु साङ्केतिकरणलाई लिन सक्छन्।
- विभिन्न तहका सरकारबाट जलवायु परिवर्तनका क्षेत्रमा गर्ने खर्चको अनुगमन (एक्सपेन्डिचर ट्र्याकिङ्) गर्न सघाउँछ। यसबाट बजेट र खर्चमा आधारित रहेर विभिन्न तहका सरकारको प्राथमिकता र प्रतिबद्धताको तुलनात्मक लेखाजोखामा समेत सहयोग पुग्छ।

- जलवायु परिवर्तनका नकारात्मक असर न्यूनिकरण र अनुकूलनका कार्मक्रम सञ्चालनका लागि सचेतना र संवेदनशीलता बढाउँछ ।
- राष्ट्र संघीय जलवायु परिवर्तन खाका सन्धी अनुसार स्थापित जलवायु कोषहरूबाट जलवायु वित्तमा राष्ट्रिय पहुँच बढाउन सहयोग पुग्छ ।
- जलवायु परिवर्तन वित्तको उपयोगमा साझा अवधारणा वनाउन सघाउँछ । साथै नेपालले प्राप्त गर्ने जलवायु वित्तको प्रदेश र स्थानीय तहको आवश्यकता र प्राथमिकतामा केन्द्रित गर्न पनि यसबाट सहयोग पुग्छ ।
- जलवायु परिवर्तनका क्षेत्रमा गैरसरकारी तवरबाट सञ्चालन हुने कार्यक्रमलाई पनि प्रदेश र स्थानीय तहको संवेदनशीलता, आवश्यकता र प्राथमिकतामा आधारित वनाउन सहयोग पुग्छ ।
- विषयगत मन्त्रालयहरू र सार्वजनिक निकायबाट सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता विस्तारको आधार दिन्छ भने गैरसरकारी र निजी क्षेत्रका कार्यक्रमहरू सञ्चालन गरी राष्ट्रिय प्राथमिकतामा ल्याउन सघाउँछ ।
- सरकारले गर्ने जलवायु परिवर्तनका क्षेत्रमा सञ्चालन गरेका कार्यक्रम तथा क्रियाकलापको पारदर्शिता र जवाफदेहिता बढाउँछ ।
- सबै तह र क्षेत्रको जलवायुका क्षेत्रमा गरिने प्रयासका बिच समन्वय र साझेदारीका लागि आधार प्रदान गर्छ ।
- विशिष्ट विषय क्षेत्रका क्रियाकलापमा जलवायु संवेदनशीलता सम्बोधन गर्न सघाउँछ ।

## १.७. जलवायु बजेट साङ्केतिकरणको राष्ट्रिय अभ्यास

विश्वमा जलवायु वित्तको विषयले महत्व पाएसँगै जलवायु वित्त संयन्त्रको उपयोग गरी जलवायु मुद्दालाई सम्बोधन गर्न थालियो । विकास साझेदारहरूले विकास व्यवस्थापनमा जलवायु समुत्थानशीलताको अवधारणालाई महत्व दिन थालेपछि सन् २०१० (वि.सं. २०६६) मा जलवायु वित्तको भविष्य नामक अध्ययन भयो । एसिया-प्यासिफिक क्षेत्रका नेपाल लगायत आठ मुलुकमा एकैचोटी शुरु गरिएको अध्ययनले जलवायु संवेदनशीलता र नीतिका विषयमा महत्वपूर्ण सिफारिस आ-आफ्ना मुलुकका योजना निकायमा प्रस्तुत गरे । त्यस समय नेपालको बजेटमा

(क) जलवायु खर्च के हो र के चाहिँ होइन भन्ने स्पष्टता थिएन,
(ख) मौजुदा बजेट शीर्षकले जलवायु बजेटलाई स्पष्ट देखाउँदैन थियो,
(ग) दश विषयगत मन्त्रालयहरूमा परिभाषित जिम्मेवारी सहित कर्मचारी थिए (जलवायु फोकल अधिकारीका रुपमा) र
(घ) दश मन्त्रालयका ८३ खर्च केन्द्र र कार्यक्रम मात्र जलवायु परिवर्तनमा देखिए । सो समयमा बजेटलाई जलवायु परिवर्तनको दृष्टिकोणबाट विश्लेषण, सहजीकरण र समीक्षा गर्ने आधार थिएन ।

आफ्नो प्रतिवेदनमा नेपालले भने जलवायु परिवर्तन संवेदनशील बजेटको अवधारणा अघि सारी एक कदम अघि बढेर कार्य गर्न पुग्यो । यसरी आर्थिक वर्ष २०६८/६९ बाट राष्ट्रिय बजेटमा जलवायु परिवर्तनको बजेट साङ्केतीकरणको शुरुवात गऱ्यो । पूँजीगत बजेटबाट मात्र शुरु गरिएकोमा क्रमशः सबै सरकारी निकाय, एक्स्ट्रा बजेटरी निकाय हुँदै सरकारका उपराष्ट्रिय तह र सबै संस्थाहरूमा लागु गर्दै जाने नीति लिइएको थियो । बजेट साङ्केतीकरण गर्न निम्न आधारहरू लिइएको थियो ।

१. प्राकृतिक सम्पदाको दिगो व्यवस्थापन तथा हरियाली अभिवृद्धि गर्ने कार्यक्रम ।
२. भू-उपयोग योजना तथा जलवायु परिवर्तनको असरलाई थेग्नसक्ने (Resilient) भौतिक पूर्वाधार विकास कार्यक्रम ।
३. जलवायु परिवर्तनको कारणबाट मानव स्वास्थ्यमा देखापर्ने नकारात्मक प्रभावलाई रोकथाम तथा नियन्त्रण गर्ने कार्यक्रम ।
४. जलवायु परिवर्तनको कारणबाट खतरामा परेका जीव र जैविक विविधता संरक्षणको कार्यक्रम ।
५. हरितगृह ग्यास उत्सर्जन कम गर्ने गरी गरिएको फोहरमैला व्यवस्थापन गर्ने कार्यक्रम ।
६. ऊर्जा, सिँचाइ र स्वच्छ खानेपानीका लागि जलस्रोतको दिगो उपयोग गर्ने कार्यक्रम ।
७. खाद्य स्वच्छता तथा सुरक्षासँग सम्बन्धित कार्यक्रम ।
८. जलवायु परिवर्तनका कारण उत्पन्न विपद् जोखिमलाई न्यून गर्ने कार्यक्रम ।
९. हरितगृह ग्यास उत्सर्जनलाई कम गर्ने तथा न्यून कार्बन उत्सर्जन गर्ने कार्यक्रम ।
१०. जलवायु परिवर्तन सम्वनधी सूचना, शिक्षा, अनुसन्धान एवम् तथ्याङ्क सङ्कलन गर्ने कार्यक्रम ।

११. जलवायु परिवर्तन सम्वनधमा आवश्यक नीति, कानुन एवम् कार्ययोजना तयार गर्ने कार्यक्रम ।

वार्षिक बजेट तथा कार्यक्रम तर्जुमाका क्रममा कुनै मन्त्रालय/निकायबाट प्रस्तावित कुनै आयोजना वा कार्यक्रम जलवायु परिवर्तनसँग कति संवेदनशील छ भन्ने विश्लेषणका लागि कार्यक्रमहरू मूल्याङ्कनका सन्दर्भमा उल्लिखित ११ वटा आधार (सूचक) अनुसार प्रत्येकलाई निश्चित अङ्कभार दिई यदि अमूक कार्यक्रमले ६० भन्दा बढी अङ्क पाएमा जलवायु परिवर्तनलाई सम्बोधन गर्न अत्यन्त सान्दर्भिक, २० देखिमाथि ६० भन्दा तलको अङ्क पाएमा सान्दर्भिक र २० भन्दा तल अङ्क पाउने कार्यक्रम जलवायु परिवर्तनका दृष्टिमा तटस्थ भनेर वर्गीकरण (र्‍यान्किङ्) गरी जलवायु साङ्केतिकरणको अभ्यास शुरु गरिएको थियो ।

नेपाल सरकार अर्थ मन्त्रालयले तयार गरेको बजेट तर्जुमा दिग्दर्शन, २०७५ मा भने जलवायु परिवर्तन अति सान्दर्भिक बजेट मूल्याङ्कनका लागि सम्बन्धित कार्यक्रममा विनियोजित रकमको अंश ६० प्रतिशतबाट घटाएर ५० प्रतिशतमा सीमित गरेको छ । साथै क्षेत्रगत रुपमा बजेट साङ्केतिकरणको विशिष्ठ विधि वनाउन सकिने प्रवनध गरेको छ । सोही अनुसार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गतका कार्यक्रमको साङ्केतीकरणको विशेषीकृत विधि समेत निर्धारण र कार्यान्वयन भइरहेको छ । हाल बजेटलाई जलवायु सङ्केत निम्नानुसार प्रदान गर्ने गरिएको छ ।

| खर्चको अनुपात | उपादेयता | बजेटमा उल्लेख हुने कोड (सङ्केत) |
|---|---|---|
| कुनै आयोजना वा कार्यक्रममा जलवायु क्षेत्रमा ५० प्रतिशत वा सोभन्दा बढी खर्च हुने भएमा | अत्यन्त सान्दर्भिक | १ |
| कुनै आयोजना वा कार्यक्रममा जलवायु क्षेत्रमा २० प्रतिशतदेखि ५० प्रतिशतसम्म खर्च हुने भएमा | सान्दर्भिक | २ |
| कुनै आयोजना वा कार्यक्रममा जलवायु क्षेत्रमा २० प्रतिशतभन्दा कम खर्च भएमा | तटस्थ | ३ |

- जलवायु बजेट सङ्केत प्रदान गर्दा विकास खर्च (चालुसमेत) र पुँजीगत खर्चलाई मात्र लिने गरिन्छ । साधारणतर्फ प्रशासनिक खर्चलाई जलवायु बजेटलाई गणनामा लिइँदैन । यद्यपि ती खर्च स्वत: तटस्थ बजेट वनन पुग्छन् ।

- मन्त्रालयहरूले आ-आफ्नो प्रस्तावित वार्षिक कार्यक्रमको प्रत्येक कार्यक्रमलाई जलवायु सम्बन्धित भए नभएको उल्लेख गर्न सर्वप्रथम 'छ' वा 'छैन' लेख्नु पर्दछ ।
- 'छ' लेखिएका सबै कार्यक्रमको बजेट जोडेर प्रतिशत निकालिन्छ ।
- त्यसपछि बजेट प्रतिशतको आधारमा उक्त कार्यक्रम १, २ वा ३ कुन स्तर (अत्यन्त सान्दर्भिक, सान्दर्भिक वा तटस्थ) मा पर्दछ निकालिन्छ ।
- तय गरिएको स्तर १, २ वा ३ लाई बजेट फारामको माथि एउटा बक्स वनाएर लेखिन्छ ।
- वार्षिक कार्यक्रम/आयोजनाहरूको बजेट, प्राथमिकता तथा रणनीतिक स्तम्भ सङ्केत फारम (तालिका ख) मा लैङ्गिक सङ्केतपछि जलवायु परिवर्तन सङ्केत लेखिन्छ ।

बजेट प्रस्तुत भइसकेपछि राष्ट्रिय योजना आयोगबाट प्रकाशित हुने वार्षिक विकास कार्यक्रममा सबै आयोजना/कार्यक्रममा रणनीतिक सङ्केत, आयोजनाको प्राथमिकीकरण सङ्केत, लैङ्गिक बजेट सङ्केतपछि जलवायु बजेट सङ्केत उल्लेख गरी यसभन्दा मुनि दिगो विकास सङ्केत उल्लेख गरिन्छ । शुरुको वर्ष २०६८/६९ मा कूल विनियोजनको ७.२ प्रतिशत र ८४ बजेट शीर्षक (आयोजना/कार्यक्रम) जलवायु परिर्वतनमा अति सान्दर्भिक देखिएका थिए । पछिल्ला आर्थिक वर्षहरूमा आयोजना सङ्ख्या र रकम विनियोजन आकारमा विस्तारै वृद्धि भएको छ । यद्यपि अति सान्दर्भिक बजेटको हिस्सा कम भएको छ ।

प्रदेश र स्थानीय तहमा जाने अन्तरसरकारी वित्तीय हस्तान्तरणको रकमलाई जलवायु सान्दर्भिक बजेटका रुपमा समावेश गर्ने गरिएकाले सङ्घीय बजेटमा अति सान्दर्भिक बजेटको तुलनामा सान्दर्भिक बजेटको हिस्सा बढ्दै गएको देखिनु स्वभाविक हो । प्रदेश र स्थानीय तहमा सङ्घीय अनुदानबाट प्राप्त रकमको बाँडफाँड र साङ्केतिकरण गरिने हुनाले वित्तीय हस्तान्तरणबाट प्राप्त रकमको जलवायु सान्दर्भिकताको वास्तविक परीक्षण सम्बन्धित तहमा मात्र हुनसक्छ । त्यसैले पनि प्रदेश र स्थानीय सरकारले जलवायु बजेट विश्लेषणलाई प्राथमिकतामा राखी वार्षिक विकास कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमगत सङ्केतीकरण गर्नु पर्दछ । यसले स्थानीय तथा प्रदेश तहका नीति कार्यक्रमहरू के कति जलवायु संवेदनशील छन् भन्ने विश्लेषण गर्ने आधार दिन्छ । साथै यसले थप नीति हस्तक्षेप आवश्यक रहेका विशिष्ठ क्षेत्र पहिचानमा गर्नमा समेत सघाउँछ ।

## १.८. जलवायु परिवर्तन र दिगो विकास लक्ष्य

दिगो विकास र जलवायु परिवर्तन अन्तरसम्बन्धित छन् । विकास मानव चाहना पूर्तिको प्रक्रिया हो, दिगो विकास यस प्रक्रियालाई कसरी व्यवस्थित र भविष्य पर्यन्त धान्न सक्ने वनाउन सकिन्छ भन्ने विषयमा केन्द्रित रहन्छ । जैविक तथा प्राकृतिक स्रोतलाई हानी नोक्सानी नहुने गरी उत्पादन, उपयोग र व्यवस्थापन गरेर दिगो विकास प्राप्त गर्न सकिन्छ। विकास वातावरणीय, स्रोत साधन उपयोग, प्रशासनिक र व्यवस्थापकीय दृष्टिकोण दृष्टिले दिगो हुनुपर्ने र उद्देश्य स्वयम् पनि दिगो हुनुपर्ने अवधारणा सहित राष्ट्रिय, उपराष्ट्रिय र बहुराष्ट्रिय तहको नीति व्यवहारमा दिगो विकासले उच्च प्राथमिकता पाएको छ ।

दिगो विकासका तीन स्तम्भ छन्: वातावरणीय (जैविक विविधता संरक्षण, प्राकृतिक स्रोतको विवेकशील उपयोग, समुत्थानशील विकास, पारिस्थितिक अवयवको दिगोपना सम्वर्द्धन), आर्थिक (समृद्धि, आर्थिक वृद्धि, आर्थिक क्रियाकलापमा कार्यकुशलता, प्रतिस्पर्धा विकास) र सामाजिक समावेशिता (आर्थिक अवसर तथा लाभमा सबैको पहुँच, सामाजिक न्याय, लोक कल्याणकारी राज्य, उपयुक्त बसोबास, विवेकशील उपभोग, सामाजिक आवश्यकता पूर्ति, सुशासन) । जलवायु परिवर्तन दिगो विकासका तिनवटै आयाममा अन्तरसम्बन्धित रहन्छ। जलवायु परिवर्तनका अवयव दिगो विकासका पनि कारक तत्व हुन्। दुबैले 'सवल अर्थतन्त्रका लागि सवल वातावरण' लाई केन्द्र विनदुमा राख्छन्।

सन् २०३० सम्मको विश्व विकास मार्गचित्रका रुपमा रहेको दिगो विकासको अभिष्ट मानिस, पृथ्वी, समृद्धि, शान्ति र सहकार्य (People, Planet, Prosperity, Peace and Partnership) को कार्यसूची हो । दिगो विकास लक्ष्यका सबै स्तम्भहरू एकल महत्व राख्ने नभै पूरक र अन्तरसम्बन्धित छन् । लक्ष्य नं. १३ एकल रुपमा जलवायु परिवर्तनसँग सम्बन्धित छ । यसले प्रकोपीय क्षमता बढाउने, अनुकूलन विधि अवलम्वन गर्ने र जनस्तरमा जलवायु सम्वनधी चेतना विस्तार गर्ने पक्षमा जोड दिएको छ भने जलवायु परिवर्तन सम्वनधी न्यूनिकरण, अनुकूलन र क्षमता विकासको कार्यक्रम, नीति र रणनीतिलाई एकीकृत गर्ने र सबै तहको क्षमता बढाउने विषय समावेश गरेको छ। १४ वटा समयबद्ध सूचक स्थापना गरिएका छन्। जसले उल्लिखित तीन सहायक लक्ष्यलाई सम्बोधन गर्दछ। नेपाल सरकारले वार्षिक विकास कार्यक्रममा जलवायु सङ्केतलाई सहयोग पुग्ने गरी दिगो विकास लक्ष्य सङ्केत (SDG Code) राख्ने गरेको छ । यसले कार्यक्रम र आयोजनाहरू बिचको जलवायु संवेदनशीलतालाई विवेचना गर्ने आधार दिन्छ ।

दिगो विकास लक्ष्य (२०१६-३०) ले जलवायु परिवर्तनलाई व्यवस्थापनलाई जलवायुजन्य जोखिम न्यूनिकरणका लागि समुत्थानशील विकास, नीति, योजना तथा कार्यक्रममा जलवायुको आन्तरिकीकरण र जलवायु परिवर्तन न्यूनिकरण, अनुकूलन, जलवायु प्रभाव न्यूनिकरण र पूर्व सूचना प्रणालीका लागि शिक्षा, सचेतना र संस्थागत क्षमता विकासलाई जोड दिएको छ। जलवायु परिर्ततन नीति २०७६ ले जलवायु समुत्थानशील समाजको विकास गरी राष्ट्रिय, सामाजिक समृद्धिमा योगदान पुर्‍याउने सोच पूरा गर्न

(क) अनुकूलन क्षमता वृद्धि,

(ख) परिस्थितिकीय प्रणालीको समुत्थानशील विकास

(ग) न्यून उत्सर्जन विकासमार्फत हरित अर्थतन्त्र प्रवर्द्धन,

(घ) जलवायु सम्वनधी अनुसन्धान, विकास र सूचना सेवा प्रभावकारिता र

(ङ) नीति, योजना, कार्यक्रममा जलवायु परिवर्तनलाई आन्तरिकीकरण गर्ने उद्देश्य राखेको छ ।

आवधिक योजना तथा क्षेत्रगत योजनाहरूले दिगो विकासका लक्ष्य प्राप्तिका लागि जलवायु परिवर्तनको मुद्दालाई मूलप्रवाहीकरण गरेका छन् ।

नेपाल सरकारले दिगो विकास लक्ष्य प्राप्ति र जलवायु परिवर्तनको सवाललाई एक अर्काका परिपूरकका रुपमा लिएको देखाउँछ । नेपाल सरकारले सन् २०१६ देखि वार्षिक विकास कार्यक्रम (बजेट) लाई अन्तिम रुप दिँदा दिगो विकास लक्ष्यसँग राष्ट्रिय कार्यक्रमको तदस्यता विश्लेषण गर्न दिगो विकास सङ्केतीकरण (SDG Code) को शुरुवात गरेको छ। दिगो विकास सङ्केत र जलवायु परिवर्तन सङ्केत अन्तरसम्वनध विश्लेषण यस विधिबाट पनि हेर्न सकिन्छ ।

## २. सङ्घीय तहमा जलवायु परिवर्तन अनुकुलनको नीतिगत र संस्थागत प्रवन्ध

नेपाल जलवायु सम्वनधी रियो सम्मेलन १९९२ को पक्ष राष्ट्र हो। पहिलो जलवायु वार्ता सन् १९९५ देखि नेपालले लगातार जलवायु विश्व सम्मेलनमा भाग लिँदै आएको छ । साथै जलवायु सम्वनधी क्योटो प्रोटोकल, १९९७ को पनि नेपाल पक्ष राष्ट्र हो । यसले राष्ट्रिय नीति तथा कार्यक्रममा संवेदनशीलता बढाउँदै लगे पनि जलवायु परिवर्तन नीति

२०११ (२०६७) पछि मात्र जलवायु परिवर्तन अनुकूलन नीति तथा कार्यक्रम सञ्चालन गर्ने आधार दिन पुग्यो । पहिलोपटक जारी गरिएको जलवायु परिवर्तन नीति २०११ पछि मन्त्रालयहरूमा जलवायु परिवर्तन फोकल विनदु स्थापना गरी जलवायु परिवर्तन सम्वनधी कार्यक्रमको सहजीकरणका कार्य शुरु भयो । साविक वातावरण मन्त्रालयको पहलमा ६ विषय क्षेत्रमा अनुकूलन कार्यक्रम सञ्चालन गरियो भने १४ जिल्लामा १०० स्थानीय अनुकूलनका कार्यक्रम सञ्चालन गरियो ।

जलवायु परिवर्तन नीतिको कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगमा राष्ट्रिय योजना फोकल विनदु स्थापना गरी जलवायु समुत्थान योजना खाका तर्जुमा, हरित अर्थतन्त्रको खाका तर्जुमा, प्रकृति संरक्षण कार्यखाका तर्जुमा, सहस्राब्दी विकास लक्ष्यको कार्यान्वयन लगायतका कार्य भए । तेह्रौं योजनामा वातावरण र जलवायु परिवर्तन सम्वनधी रणनीति समावेश भयो । यो योजना नै जलवायु परिवर्तन र वातावरणलाई प्राथमिकतामा रणनीतिक स्तम्भमा समावेश गर्ने पहिलो योजना थियो । साथै यसै अवधिमा जलवायु वित्तको भविष्यको अध्ययन, वातावरण र गरिबी अवधारणाको एकीकरण गर्ने कार्यक्रम (Poverty Environment Initiative: PEI) र जलवायु परिवर्तन बजेट कोड विकास गरी कार्यान्वयनमा ल्याइयो । राष्ट्रिय योजना आयोग र वातावरण मन्त्रालयको पहलमा जलवायु परिवर्तनको असर अध्ययन गरियो । आयोगले कृषि उत्पादनमा जलवायु परिवर्तनको असर सम्वनधी कार्यमूलक अध्ययन गर्‍यो । वातावरण विभागको स्थापना भई क्षेत्रगत वातावरण मापदण्डको कार्यान्वयन र परीक्षण गर्न थालियो । स्वच्छ विकास संयन्त्रको अवलम्वनका लागि वातावरण मन्त्रालयलाई त्यसको आधिकारिक निकाय (म्भकष्नलबतभम ल्बतष्यलबर्ि ब्गतजयचष्तथ ∓ म्लब) का रुपमा स्थापित गरियो । राष्ट्रिय अनुकूलन योजना वनाई अनुकूलनका क्षेत्रगत कार्यक्रमहरूलाई निर्दिष्ट गरियो । मन्त्रालय र आयोगको संयुक्त पहलमा न्यून कार्बन उत्सर्जन रणनीति तर्जुमा गरियो ।

दिगो विकास लक्ष्यको राष्ट्रिय निकायको रुपमा रहेको राष्ट्रिय योजना आयोगले दिगो विकासको लक्ष्य नं. १३ मा अनुकूलनका महत्वपूर्ण सूचकहरू स्थापना गर्‍यो भने अन्तरसम्बन्धित विषयमा जलवायु परिवर्तनलाई समावेश गर्न पुग्यो । प्रतिवद्धता अनुरुप विकास कार्यक्रमहरूमा दिगो विकासलाई के कति सम्बोधन गरियो भन्ने विवेचना गर्न दिगो विकास लक्ष्य बजेट साङ्केतीकरण (SDG Budget Coding) गर्न थालियो । साथै पन्ध्रौं पञ्च वर्षीय योजनामा वातावरण शीर्षक अन्तर्गत जलवायु परिवर्तनका अनुकूलन र न्यूनिकरणका रणनीतिहरू राखिएका छन् ।

परिवर्तित सन्दर्भलाई समेत सम्बोधन गर्ने उद्देश्यले जलवायु परिवर्तन नीति, २०७६ जारी गरिएको छ । नीतिले जलवायु समुत्थानशील समाजको विकास गरी राष्ट्रिय, सामाजिक समृद्धिमा योगदान पुऱ्याउने सोच गन्तव्य राखेको छ भने सो प्राप्तिका लागि निम्न उद्देश्य निर्धारण गरिएका छन् :

- अनुकूलन क्षमता वृद्धि गर्नु,
- पारिस्थितिकीय प्रणालीको समुत्थानशील विकास गर्नु,
- न्यून उत्सर्जन विकासमार्फत हरित अर्थतन्त्र प्रवर्द्धन गर्नु,
- जलवायु सम्वनधी अनुसन्धान, विकास र सूचना सेवा प्रभावकारी वनाउनु,
- नीति, योजना, कार्यक्रममा जलवायु परिवर्तनलाई आन्तरिकीकरण गर्नु ।

नीतिका उद्देश्य पूर्तिका लागि देहायका कार्यक्रम मार्फत सम्बोधन गर्ने नीतिगत व्यवस्था गरिएको छ :

- कृषि तथा खाद्य सुरक्षा
- वन, जलाधार तथा जैविक विविधता
- जलस्रोत तथा ऊर्जा
- ग्रामिण तथा शहरी बसोबास
- उद्योग यातायात र भौतिक पूर्वाधार
- पर्यटन एवम् प्राकृतिक र साँस्कृतिक सम्पदा
- स्वास्थ्य, खानेपानी तथा सरसफाई
- विपद तथा जोखिम व्यवस्थापन
- अन्तरसम्बन्धित विषय
- जलवायु वित्त व्यवस्थापन
- तहगत सरकारको भूमिका
- अनुगमन तथा मूल्याङ्कन

यसरी राष्ट्रिय योजना आयोगले योजना तथा बजेट संयन्त्रका माध्यमबाट र वन तथा वातावरण मन्त्रालयले नीतिका माध्यमबाट जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमहरूमा सहयोग पुऱ्याइरहेका छन् । साथै क्षेत्रगत मन्त्रालयहरू र स्थानीय तथा प्रदेश सरकार हरूले अनुकूलनका कार्यक्रम निर्माण र कार्यान्वयन गरिरहेका छन् ।

सञ्चालित कार्यक्रमको समीक्षा गर्ने मन्त्रालयस्तरीय समस्या समाधान समिति र राष्ट्रिय तहमा प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय विकास समस्या समाधान समिति क्रियाशील छ । जलवायु परिवर्तन नीतिले जलवायु परिवर्तन र वातावरण सन्तुलनका कार्यक्रमहरू कार्यान्वयनलाई मार्गदर्शन गर्न प्रधानमन्त्रीको संयोजकत्वमा निर्देशक समिति र राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा कार्यक्रम समन्वय समितिको व्यवस्था गरेको छ । संसदीय समितिहरूले निर्धारित उद्देश्य अनुरुप नीति कार्यक्रम कार्यान्वयन भए नभएको निरन्तर निगरानी गर्न सक्दछ। राष्ट्रिय नीति तथा कार्यखाकाले प्रदेश तथा स्थानीय नीति कार्यक्रमलाई मार्गदर्शन गर्दछन् ।

## ३. कोशी प्रदेशमा जलवायु परिवर्तन अनुकुलनको नीतिगत र संस्थागत प्रवन्ध

कोशी प्रदेश सरकारले वातावरण हेर्ने मन्त्रालयलाई वातावरण तथा जलवायु सम्वनधी कार्यको प्रमुख केन्द्रीय निकाय तोकेको छ । कोशी प्रदेशको वातावरण संरक्षण ऐन, २०७६ को परिच्छेद ४ मा जलवायु परिवर्तन सम्वनधी व्यवस्थाका लागि कानुनी प्रावधान निर्धारण गरेको छ । जसमा वातावरण हेर्ने मन्त्रालयले समुदाय स्तरसम्म जलवायु परिवर्तनका विभिन्न अध्ययन गर्ने, प्रदेश र स्थानीय तहको विकास कार्यक्रममा जलवायु परिवर्तनबाट हुने नकारात्मक असर तथा जोखिम न्यूनिकरणका लागि गरिएका उपाय समेतका आधारमा प्रदेश र स्थानीय सरकारको विकास कार्यक्रमका प्राथमिकता निर्धारण गर्ने उल्लेख छ । त्यसैगरी मन्त्रालयलाई अनुकूलन योजना निर्माण र कार्यान्वयन, हरित ग्यास उत्सर्जनको आधार पहिचान र न्यूनिकरणका उपाय अवलम्वन, कार्बन व्यापारमा भाग लिन सक्ने तथा जलवायु परिवर्तन सम्वनधी मापदण्ड निर्धारण गर्नसक्ने अधिकार ऐनले मन्त्रालयलाई दिएको छ ।

ऐनले वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन कोष निर्माण गर्न सकिने व्यवस्था गरेको छ भने वातावरण संरक्षण तथा जलवायु सम्वनधी कार्यलाई प्रभावकारी वनाउन मुख्यमन्त्रीको अध्यक्षतामा वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद्को व्यवस्था गरेको छ। परिषदले वातावरण तथा जलवायु सम्वनधी दीर्घकालीन नीति, योजना तथा कार्यक्रम तय गर्ने तथा कार्यक्रम कार्यान्वयनका लागि स्रोतको व्यवस्थापन गर्ने लगायतका जिम्मेवारी पाएको छ ।

यसरी जलवायु परिवर्तन अनुकुलन, न्यूनिकरण तथा क्षमता विकासका विषयलाई प्रदेश सरकारको कार्यक्रम तथा बजेटको प्राथमिकतामा समेट्नका लागि ऐनले महत्वपूर्ण कानुनी आधार निर्माण गरेको छ । वातावरण मन्त्रालयलाई फोकल मन्त्रालय र वातावारण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद्लाई नीतिगत प्राथमिकता निर्धारण र जलवायु सान्दर्भिक कार्यक्रम निर्माण र कार्यान्वयनको अनुकुल वातावरण निर्माणमा नेतृत्वदायी भूमिका खेल्ने जिम्मेवारी प्रदान गरेको देखिन्छ ।

## ४. जलवायु परिवर्तन अनुकलन बजेट सम्वनधी संघीय निर्देशिकाले समेटेका क्षेत्र तथा सूचकहरू

जलवायु सार्वजनिक खर्च तथा संस्थागत वनदोबस्ती सम्वनधी अध्ययन (Climate Public Expenditure and Intuitional Review: CPEIR) को प्रतिवेदनले बजेटमा जलवायु मुद्दा सम्बोधनका लागि यी चार क्षेत्रमा ध्यान दिनुपर्ने कुरा उल्लेख गरेको थियो (जसको आधारमा रहेर नै जलवायु परिवर्तन बजेटको विकास गरिएको हो) :

- जलवायु नीति र रणनीति
- संस्थागत व्यवस्था
- वार्षिक बजेटमा जलवायु परिवर्तनको उद्देश्य र आवश्यकता, र
- स्थानीय समुदाय, नागरिक समाज र निजी क्षेत्रको भूमिका ।

जलवायु बजेट निर्धारणका लागि निर्देशिकाले समेटेका विषय तथा त्यसका क्रियाकलापगत सूचकहरूलाई तलको तालिकामा उल्लेख गरिन्छ :

| विषय क्षेत्र | कार्यक्रम | क्रियाकलापहरू |
|---|---|---|
| वन | वन व्यवस्थापन (हरितगृह ग्यास प्रशोधन तथा संग्रहण)<br>सामुदायिक वन (लाभग्राहीको संलग्नतामा वन संरक्षण तथा उपयोग । | वन संरक्षण, वृक्षारोपण, पार्क संरक्षण ।<br>सामुदायिक वन, कवुलियती वन, बफर क्षेत्र क्रियाकलाप । |
| फोहरमैला सरसफाई | फोहरमैला व्यवस्थापन कार्यक्रम (मिथेन न्यूनिकरण) | ल्याण्डफिल साइट, ढल निर्माण तथा प्रशोधन, फोहर पानी प्रशोधन, सरसफाई क्रियाकलाप । |
| शिक्षा | जलवायु शिक्षा, सचेतना र तालिम कार्यक्रम । | तालिममा जलवायु परिवर्तन विषय समावेश, तालिम, क्षमता विकास र प्रदर्शन । |
| कृषि | कृषि विविधिकरण, स्थानीय कृषि प्रणाली विकास, अनुकूलनमैत्री कृषि विकास । | जलवायुमैत्री बालीको विकास, वर्षाको पानी संकलन, नयाँ प्रविधिको सिँचाइ, समुदाय व्यवस्थित कुलो, खाद्य सुरक्षा र खाद्य प्रणाली विकास । |
| पूर्वाधार | क्षेत्रगत पूर्वाधार कार्यक्रम | विकास संरचनामा स्थानीय कच्चा पदार्थको उपयोग, बाढी नियन्त्रण, जलवायुमैत्री विकास संरचना डिजाइन, कार्यक्रम कार्यान्वयन । |
| जल तथा मौसम | जलवायु तथा मौसम अनुगमन | जलवायु तथा मौसम तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन । |
| ऊर्जा | वैकल्पिक ऊर्जा, सफा ऊर्जा | सौर्य ऊर्जा, जैविक ऊर्जा, लघु तथा सुक्ष्म विद्युत । |
| स्वास्थ्य | स्वास्थ्य उपचार, उत्पादन | डेँगु, मलेरिया, झाडापखाला नियन्त्रण । |
| विपद | विपद व्यवस्थापन | विपद मैत्री विकास, राहत उद्धार, पुनर्निर्माण । |
| भूमि, भू-उपयोग | भूमि नीति, भू-उपयोग योजना | स्थानीय, प्रदेश तथा संघीय भू-उपयोग योजना, जोखिम संवेदनशील भू-उपयोग योजना । |

| विषय क्षेत्र | कार्यक्रम | क्रियाकलापहरू |
|---|---|---|
| उद्योग यातायात | उद्योग कलकारखाना व्यवस्थापन, यातायात व्यवस्थापन । | औद्योगिक निस्पादनको व्यवस्थापन, प्रशोधन नयाँ प्रविधिका यातायात । |
| क्षमता विकास | सरकारी तथा सामुदायिक संस्थाको सवलीकरण । | तालिम तथा सचेतना विकास, प्रशिक्षक प्रशिक्षण |
| अनुसन्धान | समष्टिगत तथा क्षेत्रगत अनुसन्धान । | अनुसन्धान क्रियाकलाप, प्रविधि विकास, ज्ञान निर्माण । |

उल्लिखित विषय क्षेत्रलाई समावेश गरी माथि प्रकरण १.५ मा उल्लेख भएका क्लष्टरमा कार्यक्रम समूहीकृत गरी वस्तुगत सूचकका आधारमा एकीकृत अङ्क (Compiste value) निर्धारण गरिन्छ ।

## ५. जलवायु सङ्केत अनुसार संघीय र प्रदेश बजेट

पछिल्ला आर्थिक वर्षहरूको सङ्घीय र कोशी प्रदेशको बजेटमा जलवायु सङ्केत अनुसारको बजेटको तुलनात्मक स्थिति तलको तालिकामा प्रस्तुत छ । नेपाल सरकार अर्थ मन्त्रालय र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रकाशन गर्ने योजना पुस्तिकामा प्रस्तुत तथ्याङ्कमा आधारित रहेर पछिल्ला ४ चार आर्थिक वर्षको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका : जलवायु सङ्केत अनुसारको बजेट वर्गीकरण (प्रतिशतमा)**

| सङ्केत | जलवायु परिवर्तन बजेट | आर्थिक वर्ष २०७७/७८ | | आर्थिक वर्ष २०७८/७९ | | आर्थिक वर्ष २०७९/८० | | आर्थिक वर्ष २०८०/८१८ | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | संघीय | कोशी प्रदेश | संघीय | कोशी प्रदेश | संघीय | कोशी प्रदेश | संघीय | कोशी प्रदेश |
| १ | अति सान्दर्भिक | ५.३६ | १५.८४ | ५.३१ | १८.३२ | ५.९ | १८.८९ | ५.९६ | १४.३३ |
| २ | सान्दर्भिक | २७.११ | ३९.२९ | २७.९ | ३५.८४ | २८.१ | ५४.३२ | २९.९ | ४९.८४ |
| ३ | तटस्थ | ६७.५३ | ४४.८७ | ६६.४९ | ४५.८४ | ६६ | २६.७९ | ६४.१४ | ३५.८४ |

*स्रोत : नेपाल सरकार, अर्थ मन्त्रालय, कोशी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय*

माथिको तालिकामा देखाइए अनुसार संघीय बजेटको तुलनामा कोशी प्रदेशको बजेट जलवायु सान्दर्भिक देखिएको छ । संघीय बजेटमा प्रत्यक्ष लाभ (अति सान्दर्भिक) बजेटको हिस्सा हरेक वर्ष न्यून दरमा बढिरहेको (५.३६%-५.९६%) देखिन्छ भने तटस्थ बजेटको हिस्सा क्रमशः घटिरहेको (६७.५३%-६४.१४%) देखिन्छ । कोशी प्रदेशमा जलयायु अति सान्दर्भिक बजेट १४.३३ प्रतिशत देखि १८.८९ प्रतिशतसम्म रहेको देखिन्छ । तर यो हिस्सा विभिन्न आर्थिक वर्षमा घटबढ भइरहेको देखिन्छ । जलवायु तटस्थ बजेट कोशी प्रदेशमा २६.७९ प्रतिशत देखि ३५.८४ प्रतिशतसम्म रहेको

देखिन्छ । यसरी उत्तार चढाव देखिनुको कारणका बारे प्रदेश सरकारले थप अध्ययन गर्नु आवश्यक हुन्छ ।

## ६. प्रदेश बजेटमा जलवायु परिवर्तनका सवालको मूलप्रवाहीकरण

माथि उल्लेख गरिएअनुसार कोशी प्रदेश सरकारले बजेटलाई जलवायुको दृष्टिकोणले वर्गीकरण र विष्लेषणको सुरुवात आ.व. २०७७/७८ बाट नै गरेको देखिन्छ। यसबाट बजेट जलवायु परिवर्तनप्रतिको संवेदनशीलता झल्काउँछ। यसका बावजुद प्रदेशको परिवेश अनुसार जलवायु परिवर्तन बजेट साङ्केतिकरणका सूचकहरूको स्थानीयकरण नहुनु, बजेट साङ्केतिकरणका लागि समन्वय र सहजीकरण गरिरहेको आर्थिक मामिला तथा योजना मन्त्रालयले विषयगत मन्त्रालय, विभाग तथा निकायहरूले बजेटको लेखाजोखा गर्न सक्ने स्तरको संस्थागत क्षमता नहुनु, साङ्केतिकरणका क्रममा कुल अङ्क गणना र स्वविवेकको मिश्रित अभ्यास रहन सक्ने अवस्था विद्यमान हुनु, आवधिक योजना तथा क्षेत्रगत कार्यक्रम तथा बजेटलाई अनुकुलन, अल्पीकरण र क्षमता विकासका दृष्टिकोणले प्राथमिकीकरण गर्ने अभ्यास नहुँदा अति सान्दर्भिक कार्यक्रम निर्माण हुने अवस्था कम रहनु जस्ता कमजोरी रहेको देखिन्छ। यद्यपि पर्यटन वन तथा वातावरण मन्त्रालयले जलवायु परिवर्तन अनुकुलनका विषयलाई प्रदेश सरकारको नीति तथा कार्यक्रमको अङ्ग बनाउन केन्द्रीय भूमिका निर्वाह गरिरहेको तथा वातावरण संरक्षण ऐन, जलवायु परिवर्तन समन्वय समितिको व्यवस्था आदिले जलवायुमैत्री बजेट निर्माणको नीतिगत र संस्थागत अनुकूलता रहेको देखिन्छ ।

कोशी प्रदेश सरकारको कृषि र भू-उपयोगलाई जोड्ने नीति रहेको छ। भू-उपयोग योजना बनाउँदा कृषि क्षेत्रको संरक्षण गर्ने नीतिले जलवायु परिवर्तन अनुकूलनमा सकारात्मक योगदान गर्ने अपेक्षा छ। यद्यपि कृषि क्षेत्रबाट निस्कने प्रदुषणको मात्राबारे भने बेग्लै अध्ययन हुनु आवश्यक छ। पूर्वाधार निर्माणमा बायोइञ्जिनियरिङको अभ्यास तथा औद्योगिक योजना बनाउँदा वातावरणीय प्रभाव मापनका मापदण्ड कार्यान्वयनमा रहेकाले यसले पनि जलवायु परिवर्तन अनुकूलन र जोखिम अल्पीकरणमा योगदान गर्न सक्छ।

प्रदेशको जलवायु बजेट कोडिङको नीति र निर्देशिका छैन । जलवायुसँग सम्बन्धित विषयको जिम्मेवार मन्त्रालय पर्यटन वन तथा वातावरण मन्त्रालय हो । क्षेत्रगत

कार्यक्रमबाहेक अन्य कार्यक्रमलाई कसरी जलवायु परिवर्तनमैत्री (Cliate Resilient) बनाउने र प्रदेशको समग्र बजेटमा जलवायु परिवर्तनका सवालको मुलप्रवाहिकरण गर्ने भूमिका उसले प्राप्त गरेको छैन । यस अवस्थामा सबै प्रक्रियाको नेतृत्व र नियमन अर्थ मन्त्रालयबाट नै भएको देखिन्छ । संघीयस्तरमा विकासका कार्यक्रम जलवायुलाई जलवायु परिवर्तनको मुलप्रवाहिकरणमा राष्ट्रिय योजना आयोगले भूमिका निर्वाह गरिरहेको भए पनि प्रदेशमा योजना आयोगको संस्थागत क्षमता र निर्धारित जिम्मेवारीको सीमितता हुँदा आर्थिक मामिला मन्त्रालयले नै बजेट सम्बन्धी नीति र अभ्यासलाई जलवायु परिवर्तनका सवालसँग सामञ्जस्य गराउनमा थप भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ। यस प्रक्रिमा प्राविधिक आधारमा पर्यटन तथा वन मन्त्रालय र नीति योजनाका सन्दर्भमा प्रदेश आयोगको सहयोग महत्वपूर्ण हुने देखिन्छ।

कोशी प्रदेश सरकार दोस्रो आवधिक योजना निर्माणको चरणमा प्रवेश गरेको छ । नयाँ योजनामा जलवायु परिवर्तन अनुकूलन, जोखिम अल्पीकरण र क्षमता विकासका कार्यक्रमलाई अन्तरसम्बन्धित सवालका रुपमा सबै क्षेत्रमा समावेश गर्नु आवश्यक छ । प्रदेश योजना आयोगको भूमिका पनि जलवायु परिवर्तन सम्बन्धी अनुशिक्षणमा सीमित नभई नीतिगत र संस्थागत प्रबन्ध तयारीमा समेत केन्द्रित हुनु आवश्यक छ ।

## ७. जलवायु परिवर्तन बजेटको प्रभावकारिता विस्तार

जलवायु परिवर्तन समुदायस्तरसम्म असर पुग्ने विषय हो । यस अर्थमा समुदायको जलवायु परिवर्तन सम्बन्धी बुझाई र भोगाइ (उदाहरण: वर्षा र मनसुनको सामयिकता, जन स्वास्थ्यमा समस्या, महामारी र विपद, वन संरक्षण तथा डढेलो नियन्त्रण, नदी तथा जलाधार संरक्षण, बालीनाली संरक्षण र प्रसार सेवा आदि) । त्यसैले जलवायुसँग सम्बन्धित समुदायका यी समस्या सम्बोधन गर्ने नीति कार्यक्रमको सफलताको सामुदायिक लेखाजोखा तथा समुदायमा जलवायु न्याय र उत्थानशिलता प्रवर्द्धन भए नभएको बारेमा नागरिक विवेचना पद्धति अभ्यासमा ल्याउनु आवश्यक छ । प्रदेश सरकारको औपचारिक अनुगमन तथा मूल्याङ्कन प्रणालीका पूरकका रुपमा समुदाय संयन्त्र उपयोगमा ल्याउन सकिन्छ ।

संघीय सरकारबाट खर्चको आवश्यकता र राजश्व क्षमताका आधारमा उपलब्ध गराइने वित्तीय समानीकरण अनुदान लगायतका अन्य वित्तीय अनुदानको मूल्याङ्कनको एक आधार जलवायु बजेट साङ्केतीकरणलाई बनाउनु आवश्यक छ। यसलाई कार्यसम्पादन सूचकमा समावेश गरेर जलवायु परिवर्तनबोधी कार्यक्रमका लागि प्रदेश तथा स्थानीय सरकारलाई प्रोत्साहन गर्नु पर्दछ। यसबाट तहगत प्राथमिकता र जवाफदेहितालाई संस्थागत गर्न सहयोग पुग्छ। जलवायु परिवर्तन अनुकूलन, न्यूनिकरण र क्षमता विकासमा गरेको विनियोजनका आधारमा अतिरिक्त अनुदान जाने प्रणाली विकास गरेर नै समुदायमा आधारित कार्यक्रमहरू विस्तार गर्न सकिन्छ। राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र राष्ट्रिय योजना आयोगले यस विषयलाई प्राथमिकतामा राख्नु पर्दछ।

प्रदेश तहबाट उपलब्ध गराइने अनुदान, वित्तीय हस्तान्तरण र विनियोजनमा पनि जलवायु विषय समावेश गर्नु पर्दछ। साथै प्रादेशिक नीति तथा कार्यक्रमहरूमा जलवायु परिवर्तनलाई अन्तरसम्बन्धित विषयमा समावेश गर्नु पनि उत्तिकै आवश्यक छ। सामुदायिक संस्था, सहकारी संस्था, निजी फर्मका क्रियाकलापलाई पनि जलवायु उत्थानशील बनाउन प्रोत्साहन तथा नियमन संयन्त्र विकास गरिनु पर्दछ।

जलवायु परिवर्तनका मुद्दाहरू समाज विशेष, समुदाय विशेष र क्षेत्रगत रुपमा फरक हुन सक्दछन्। त्यसैले क्षेत्रगत वा विशेषीकृत सूचकहरू अभ्यासमा ल्याउन सकिन्छ। जलवायु परिवर्तन नीतिले पनि यसलाई सङ्केत गरेको छ। नेपालले निर्धारण गर्ने सूचकहरू अनुकूलनसँग सम्बन्धित हुनु पर्दछ। किनकी न्यूनिकरणमा नेपालको स्वैच्छिक सहभागिता मात्र हो, हाम्रो आवश्यकता अनुकुलन हो। स्वेच्छिक सहभागिताका विषयलाई राष्ट्रिय तहमा सम्बोधन गर्ने रणनीति लिनु जरुरी छ भने प्रदेश सरकारले त्यसमा हातेमालो गर्नु उपयुक्त हुन्छ।

नेपाल सरकारले जलवायु बजेट कोड जारी गर्दा पुँजीगत खर्चलाई मात्र समावेश गरेको थियो। पछिल्ला वर्षहरूमा यसलाई प्रशासनिक खर्च बाहेक सबै किसिमका कार्यक्रम तहसम्म विस्तार गरिएको छ। सार्वजनिक खर्च, व्यवहार र क्रियाकलापसम्म जलवायु बजेट विश्लेषण गर्नु विस्तार गर्दा कुल बजेटको जलवायु सान्दर्भिकता विश्लेषण गर्न सकिने भएकोले चालु वा पुँजीगत आधारमा मात्र नभई कार्यक्रमको उद्देश्य र प्रकारको आधारमा विश्लेषण गर्ने पद्दती अघि बढाइएको हो। कोशी प्रदेश सरकारले पनि संघीय सरकारले गरिआएको अभ्यासलाई नै अवलम्बन गर्न खोजेको देखिन्छ।

प्रदेश सरकारका मन्त्रालय तथा विभागका योजना शाखा र स्थानीय तहका योजना डेस्कलाई जलवायु परिवर्तन फोकल बिन्दु कामय गर्ने स्थानीय कार्यपालिका र प्रदेश योजना आयोगले कार्यक्रम समन्वयकारी भूमिका निर्वाह गर्ने Climate Clearing House को रुपमा काम गर्नु पर्दछ । साथै आवधिक रुपमा समकक्षी पुनरावलोकन मार्फत अनुभव तथा अभ्यास आदान प्रदान गर्ने पद्दति विकास गर्नु पर्दछ ।

## ८. प्रदेश बजेटमा जलवायु सङ्केतीकरणको विधि र अभ्यास

कोशी प्रदेशको बजेटमा जलवायु परिवर्तन बजेट विश्लेषणको अभ्यास रहेको छ । अर्थ मन्त्रालयले प्रकाशन गर्ने रातो किताबमा भने निकायगत (अनुदान संख्या) मा मात्र प्रत्यक्ष लाभ, अप्रत्यक्ष लाभ र तटस्थ गरी सम्बन्धित निकायको कुल बजेटलाई जलवायु सङ्केतका आधारमा प्रस्तुत गरिएको छ । यसमा भएको कमीलाई पूरा गर्न प्रदेश योजना आयोगले वार्षिक विकास कार्यक्रममा प्रस्तुत गर्दा क्रियाकलाप तहमा नै जलवायु सङ्केत प्रदान गर्ने गरेको छ ।

कोशी प्रदेश सरकारले जलवायु सङ्केत प्रदान गर्दा मूलतः संघीयस्तरको बजेट तर्जुमा दिग्दर्शन अन्तर्गत जलवायु परिवर्तन बजेट सम्बन्धी प्रावधानलाई आधार बनाउने गरेको छ । दिग्दर्शनमा प्रदेश तथा स्थानीय तहले क्रियाकलाप स्तरबाट नै जलवायु परिवर्तन कोड प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ । जलवायु सङ्केत प्रदान गर्ने क्रममा हरेक कार्यक्रमभित्र जलवायुसँग सान्दर्भिक कार्यक्रम छनोट गरी सो मा विनियोजन हुने रकम कार्यक्रमको कुल रकमको के कति प्रतिशत हुन आउँछ सो आधारमा सङ्केत १, २ वा ३ दिनुपर्ने विषयमा बजेट निर्माणको प्रारम्भिक अनुशिक्षण आर्थिक मामिला तथा योजना मन्त्रालयबाट विषयगत मन्त्रालयलाई उपलब्ध गराउने गरेको देखिन्छ ।

प्रदेश योजना आयोगले बजेट तर्जुमाका क्रममा प्रदेश तहबाट कार्यान्वयन हुने मात्र नभई स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणका कार्यक्रमलाई पनि जलवायु सङ्केत दिने गरेकाले जलवायु बजेटको कुल अङ्कमा योजना पुस्तिका र वार्षिक विकास कार्यक्रममा रहेको जलवायु सङ्केत अनुसारको रकम फरक रहेको देखिन्छ । त्यसबाहेक कतिपय मन्त्रालयका कार्यक्रमको जलवायु परिवर्तन सङ्केतमा पनि यी दुई दस्तावेजमा फरक देखिन्छ । उदाहरणका लागि आ.व. २०७९/८० मा आर्थिक मामिला तथा

योजना मन्त्रालयले प्रकाशन गरेको रातो किताबमा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको सम्पूर्ण बजेट रकमलाई जलवायु तटस्थ (जलवायु सङ्केत नं. ३) बजेट अन्तर्गत राखिएको देखिन्छ भने योजना आयोगले प्रकाशन गरेको वार्षिक विकास कार्यक्रममा उक्त मन्त्रालयका २ वटा विकास कार्यक्रमलाई जलवायु अप्रत्यक्ष लाभ (जलवायु सङ्केत नं. २) हुने कार्यक्रमका रुपमा प्रस्तुत गरिएको छ । त्यसैगरी सोही आर्थिक वर्ष भूमि व्यवस्था सहकारी र गरिबी निवारण मन्त्रालयको बजेटको सबै रकमलाई अर्थ मन्त्रालयले जलवायु अप्रत्यक्ष लाभ (जलवायु सङ्केत नं. २) अन्तर्गत राखेकोमा योजना आयोगले सबै विकास कार्यक्रमलाई जलवायु तटस्थ (जलवायु सङ्केत नं. ३) कार्यक्रमका रुपमा प्रस्तुत गरेको छ ।

बजेटको सीमा र मार्गदर्शनसँगै सम्बन्धित मन्त्रालयले जलवायु सङ्केतको सामान्य अनुशिक्षण प्राप्त गरेपछि त्यसका आधारमा सबै मन्त्रालयले आफू अन्तर्गतका निकायलाई कार्यक्रम प्रस्तावसँगै जलवायु सङ्केतीकरण समेतको जिम्मेवारी दिने गरेका छन् । सम्बन्धित डिभिजन कार्यालय लगायत मन्त्रालय अन्तर्गतका कार्यालयले प्रदेशस्तरको बजेट सूचना प्रणालीमा प्रविष्टी गर्ने क्रममा जलवायु सङ्केतसहित प्रविष्टी गर्ने र आवश्यकता अनुसार मन्त्रालयले त्यसको जाँच गर्ने गरेका छन् । यद्यपि कार्यक्रम प्रस्ताव गर्ने तहले नै कार्यक्रमको प्रकृतिबारे आवश्यक जानकारी राख्ने हुनाले जलवायु सङ्केत प्रदान गर्दा भएका कमी कमजोरी पहिल्याएर आवश्यक परिवर्तन गर्न भने मन्त्रालयस्तरबाट त्यति सहज हुँदैन ।

कोशी प्रदेश सरकारले मध्यमकालीन खर्च संरचना तयारी र प्रकाशन गर्दै आएको छ । मध्यमकालीन खर्च संरचना तयार गर्दा खर्च अनुमान र प्रक्षेपणलाई जलवायु सङ्केतका आधारमा पनि वर्गीकरण गरिएको छ । यसले जलवायु परिवर्तन लक्षित बजेट निर्माणका लागि मार्गदर्शकको भूमिका निर्वाह गर्न सक्छ ।

कोशी प्रदेशको योजना बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन २०७६ मा जलवायु साङ्केतीकरणको विधि उल्लेख छैन र यसबारे दिग्दर्शनमा पनि केही उल्लेख गरिएको देखिँदैन । कार्यक्रम अन्तर्गतका क्रियाकलापको प्रकृति अनुसार जलवायुसँग सान्दर्भिक क्रियाकलाप छुट्याएर समग्र कार्यक्रम जलवायु परिवर्तनका सवाल सम्बोधन गर्नसक्ने प्रकृतिको भए वा नभएको विश्लेषण गर्न सक्नेगरी सम्बन्धित सबै मन्त्रालय, विभाग तथा डिभिजन कार्यालय तहमा अनुशिक्षण र मार्गनिर्देशन प्रदान गर्नका लागि उक्त दिग्दर्शन सहयोगी हुने देखिँदैन ।

त्यसैले मध्यमकालीन खर्च संरचनामा गरिएको कुल अनुमान र प्रक्षेपणको वर्गीकरण तथा योजना आयोगले प्रकाशन गर्ने वार्षिक विकास कार्यक्रम र अनुदान सङ्ख्यामा आधारित रहेर बजेट पुस्तिकामा गरिएको जलवायु सङ्केतमा प्रादेशिक कानुन तथा मापदण्ड प्रतिबिम्बित भए वा नभएको विश्लेषण गर्न सकिने अवस्था छैन । यसका बावजुद बजेट जलवायु सङ्केतका आधारमा वर्गीकरण भइरहेको विषयलाई प्रदेश सरकारको यसप्रतिको प्रतिबद्धताका रुपमा लिएर आवश्यक सुधार अघि बढाउनु उपयुक्त हुन्छ ।

## ९. कोशी प्रदेशमा जलवायु परिवर्तन साङ्केतीकरणको अभ्यासमा सुधारका क्षेत्र

निरन्तर सुधार र परिमार्जनको क्रममा रहनु जीवन्त प्रणालीको विशेषता हो । जलवायु परिवर्तन बजेट सङ्केत नयाँ अवधारणा भएकाले अभ्यासको क्रममा यसका प्रावधानहरू परिमार्जन र परिस्कार गर्दै जानुपर्दछ । संघीय तहमा यसलाई कार्यान्वयनमा ल्याँउदा नै यसमा क्रमश: सुधार गर्दै जानुपर्नेतर्फ उल्लेख गरिएको थियो । यद्यपि जलवायु साङ्केतीकरणको अभ्यासमा सुधार वा परिवर्तनका लागि उल्लेख्य कार्य भएको देखिँदैन । प्रदेश संरचना आफैमा पनि नयाँ हो, यसका बजेट तथा कार्यक्रम तर्जुमाका पक्षमा सुधारका सम्भावनाहरू प्रशस्तै छन् । जलवायु परिवर्तन बजेट साङ्केतीकरणको क्षेत्र पनि अपवाद होइन । कोशी प्रदेशको बजेट प्रक्रियामा जलवायु परिवर्तनको साङ्केतीकरणमा गर्नुपर्ने सुधारका प्रमुख क्षेत्रहरू यस अनुरुप छन् ।

- कोशी प्रदेशको बजेट तर्जुमा दिग्दर्शनमा जलवायु परिवर्तन बजेट सम्बन्धी खण्ड थप गरी त्यसमा सूचक तथा क्षेत्रगत साङ्केतीकरणको विधि र नमुना समावेश गर्नु आवश्यक छ ।

- जलवायु कोडिङको अभ्यासमा सुधार आवश्यक छ । मूलत: संघीयस्तरमा निर्धारित सूचकलाई परिवेश सुहाउँदो बनाउने, विस्तृत व्याख्या गर्ने तथा त्यसको प्रयोग क्रियाकलाप स्तरमा पूर्णरुपमा गरी बजेट सूचना प्रणालीमा आउने प्रबन्ध गर्न सक्नुपर्छ ।

- क्रियाकलाप स्तरमा जलवायु सङ्केत प्रदान गर्नका लागि मातहत तहका कार्यान्वयन इकाईसम्म पर्याप्त क्षमता आवश्यक हुन्छ । आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रकाशन गर्ने रातो किताबमा लैंगिक कोडसँगै कार्यक्रमलाई जलवायु कोड समेतको महल थप गरी साङ्केतीकरण अभ्यासलाई थप पारदर्शी बनाउनु उपयुक्त हुन्छ ।
- विस्तृत खण्डीकृत तथ्याङ्क आधार (Knowledge Base) खडा गर्नु आवश्यक हुन्छ । जसले मातहत निकाय र क्रियाकलापहरूको वास्तविक जानकारी दिन्छ ।
- प्रदेश सरकार मातहतका निकायले क्षेत्रगत व्यवसायिक योजना तर्जुमा गरी जलवायु परिवर्तन र वातावरण संरक्षणका क्रियाकलापहरूलाई समावेश गर्नु आवश्यक छ ।
- प्रदेशमा क्षेत्रगत सूचकको आवश्यकता हुन्छ। उदाहरणका लागि वन तथा वातावरण क्षेत्रको कार्यक्रम र पूर्वाधार विकासको कार्यक्रम फरक हुने हुनाले दुबै अवस्थामा कसरी सङ्केत दिने भन्ने स्पष्ट हुनु आवश्यक छ ।
- प्रदेश तहका आयोजना तथा क्रियाकलापको कोडिङलाई वस्तुगत आधारमा संस्थागत गर्न नसकेसम्मका लागि अवधारणागत रुपमा लिन सकिने Fit for Purpose Approach को लचकता लिनु उचित हुन्छ । किनकी प्रक्रिया कठोर हुँदा कार्यक्रममा व्यावहारिक तत्परता नदेखिन पनि सक्छ ।
- पूर्वाधार विकासका आयोजनाको विस्तृत परियोजना प्रतिवेदन तयारीकै क्रममा जलवायु परिवर्तन अनुकुलन र न्यूनिकरण लगायतका पक्ष एकीकृत गरी आयोजनाले जलवायु परिवर्तनको विषय कसरी आत्मसात गरेको छ भन्ने कुरा स्पष्ट खुलाउनु आवश्यक छ । यसका आधारमा सो कार्यक्रमलाई जलवायु सङ्केत प्रदान गर्न सहज हुन्छ ।
- सबै मन्त्रालय र निकायका योजना निर्माण प्रक्रियामा संलग्न हुने शाखालाई बजेटमा जलवायु सङ्केत प्रदान गर्ने बारे बजेट तर्जुमा दिग्दर्शनमा निर्धारण गरिने जलवायु सङ्केतको अभ्यासका बारे सालबसाली रुपमा प्रशिक्षण सञ्चालन गर्नुपर्छ ।
- बजेट तथा कार्यक्रमको समीक्षाका समयमा जलवायु परिवर्तनका विषयलाई पनि समिक्षाको एजेण्डा बनाउनु आवश्यक छ ।

- जलवायु सङ्केत मूलतः विकास कार्यक्रम प्रदान गरिने भएकोले क्षेत्रगत सूचक निर्धारण, त्यसको प्रयोगको विधि र मापदण्ड विकास, सबै तहको क्षमता विकास तथा प्रभावकारिता विस्तारका सबै कार्यको जिम्मेवारी प्रदेश योजना आयोगले लिनु उपयुक्त हुन्छ। त्यसका लागि आयोगको क्षमता निर्माण र विकास बजेट तर्जुमा र कार्यान्वयन चरणमा अनुगमन तथा प्रतिवेदनको भूमिका लाई थप स्पष्ट गर्दै जानु आवश्यक छ। जलवायु सङ्केत प्रदान गर्दा वार्षिक विकास कार्यक्रम र योजना पुस्तिकामा रहेका समाञ्जस्यता हटाउन पनि यसले मद्दत गर्छ।

- प्रदेश सरकारका मन्त्रालय तथा विभागका योजना शाखालाई जलवायु परिवर्तन फोकल बिन्दु कायम गर्ने र प्रदेश योजना आयागले कार्यक्रमको समन्वयकारी भूमिका निर्वाह गर्ने Climate Clearing House को रुपमा काम गर्नु पर्दछ।

## १०. निष्कर्ष तथा सुझावहरू

- केही वर्ष अघिसम्म जलवायु परिवर्तनका सवालले मात्र पाइरहेको भए पनि पछिल्ला दिनमा जलवायु वित्त र जलवायु बजेटको विषयले अन्तर्राष्ट्रिय र राष्ट्रिय महत्व पाइरहेको छ। यसलाई प्रदेश सरकारहरूले पनि प्राथमिकता दिएर जलवायु साङ्केतिकरणको अभ्यास गरेका छन्। कोशी प्रदेश सरकारले पनि बजेटलाई प्राथमिकता दिएको देखिन्छ।

- पहिलो पटक नेपालले विकास गरी कार्यान्वयनमा ल्याएको जलवायु परिवर्तन बजेट कोडलाई संस्थागत गर्दा स्थानीय, प्रादेशिक तथा राष्ट्रिय तहमा जलवायु परिवर्तनका मुद्दालाई सम्बोधन गर्ने आन्तरिक सामर्थ्य विकास हुन्छ भने यसैका आधारबाट जलवायु वित्तमा नेपालको पहुँच बढ्न गई विकास व्यवस्थापनमा सहयोग पुग्ने सम्भावना रहन्छ।

- जलवायु परिवर्तनका असर न्यूनिकरण गर्न विश्वको तापमान अपेक्षित स्तरमा राख्नका लागि नेपाल सरकारले गरेको राष्ट्रिय प्रतिवद्धता पूरा गर्नका लागि पनि बजेटमा जलवायु सङ्केत दिने विधिलाई विस्तृत, विशेषीकृत र वस्तुगत बनाउनेतर्फ सबै तहका सरकारको सहकार्य आवश्यक छ।

- जलवायु परिवर्तन र जलवायु बजेटको विषयलाई योजना व्यवस्थापनमा आान्तरिकीकरण गर्दै स्थानीय तह र समुदायस्तरका क्रियाकलापमा समेत जलवायु अनुकूलन तथा न्यूनिकरणको सचेतना विस्तार गर्नु आवश्यक छ।

- जलवायु बजेटको विषयलाई प्राविधिक विषयका रुपमा मात्र नलिई दिगो विकास र सबल अर्थतन्त्र निर्माणको विधिका रुपमा लिनु आवश्यक छ । सबल वातावरण नै सबल अर्थतन्त्र (Good Economy is Good Ecology) भन्ने आदर्शलाई व्यवहारमा उतार्ने महत्वपूर्ण विधि जलवायु परिवर्तन बजेट हो ।

- कोशी प्रदेश कृषि र औद्योगिक क्षेत्रमा उच्च प्रतिस्पर्धी क्षमता भएको प्रदेश हुनु, हिमाली जिल्लाको क्षेत्रफल ४० प्रतिशत आसपास रहनु जस्ता कारणले जलवायु परिवर्तन अनुकुलन र न्यूनिकरणका विषय कोशी प्रदेश सरकारको प्राथमिकतामा रहनु आवश्यक छ ।

- जलवायु बजेटको अभ्यास र जलवायु वित्तका स्रोत विस्तारका लागि निजी र गैरसरकारी क्षेत्रसँगको बृहत्तर समन्वय र साझेदारी गर्नु आवश्यक छ । स्थानीय सरकारहरू मार्फत पनि जलवायु बजेटको अभ्यास प्रवर्द्धनमा प्रदेश सरकारका तर्फबाट सहजीकरण गर्नु उपयुक्त हुन्छ ।

- कोशी प्रदेश सरकारले जलवायु वित्तको एक विधिका रुपमा प्रदेश बजेटलाई जलवायु परिवर्तन सङ्केत प्रदान गरी विश्लेषण गर्ने गरेको छ। यसलाई सकारात्मक प्रयासका रुपमा लिएर क्षेत्रगत सूचकलाई थप स्पष्ट गर्ने, बजेट तर्जुमा प्रक्रियामा संलग्न सबै पक्षको जलवायु बजेट र जलवायु वित्त सम्बन्धी जानकारी र साङ्केतीकरणको विधिबारे थप स्पष्टता ल्याउनु पर्छ ।

- जलवायु बजेटलाई बजेट तर्जुमा चरणमा मात्र सीमित नगरी बजेट कार्यान्वयन, लेखाङ्कन तथा प्रतिवेदन र मुल्याङ्कनका चरणसँग समेत आवद्ध गर्नु आवश्यक छ। यसका लागि मन्त्रालयदेखि जिल्लास्थित कार्यालयसम्मको जिम्मेवारी स्पष्ट गर्नु आवश्यक छ ।

## ११. उपसंहार

नेपालमा शुरुवातमा जलवायु परिवर्तनका विषयलाई महत्व दिने गरी Planning Tools र Budget Tagging का लागि जलवायु सङ्केतको अभ्यास गरिएको भए पनि पछिल्ला दिनमा यसको महत्व बढ्दै गएको छ । पहिलो पटक नेपालले नै विकास गरी कार्यान्वयनमा ल्याएको जलवायु परिवर्तन बजेट सङ्केतलाई संस्थागत गर्दा स्थानीय, प्रादेशिक तथा राष्ट्रिय तहमा जलवायु परिवर्तनका मुद्दालाई सम्बोधन गर्ने आन्तरिक सामर्थ्य विकास हुन्छ । यसैका आधारमा जलवायु वित्तमा नेपालको पहुँच बढ्न गई विकास व्यवस्थापनमा सहयोग पुग्ने सम्भावना पनि रहन्छ । त्यसैले जलवावु बजेट साङ्केतिकरण विधिलाई विस्तृत, विशेषीकृत र वस्तुगत बनाउँदै सबै तहको योजना व्यवस्थापनमा आन्तरिकीकरण गर्नु आवश्यक छ । साङ्केतिकरणलाई वस्तुपरक बनाउन स्थानीय तह र समुदायस्तरका क्रियाकलाप तयारी र कार्यान्वयन गर्ने तहमा समेत जलवायु अनुकूलन तथा न्यूनिकरणको सचेतना विस्तार गर्नु आवश्यक छ । यसको प्रभावकारी उपयोगबाट 'सबल वातावरण नै सबल अर्थतन्त्र' (Good Economy is Good Ecology) भन्ने आदर्श प्राप्ति सहज हुन्छ । जलवायु परिवर्तन बजेटको अभ्यास कुनै सम्झौताको विषय नभई साझा भविष्यका लागि अवलम्बन गरिने बाटो हो । यसलाई दृष्टिगत गरी कोशी प्रदेश सरकारले पनि प्रादेशिक बजेटलाई जलवायु सङ्केतका आधारमा वर्गीकरणको अभ्यासलाई थप व्यवस्थित गर्दै लैजानु पर्छ । यसबाट स्थानीय तह, निजी क्षेत्र तथा संघ संस्थालाई पनि जलवायु कार्यमा उत्प्रेरित गर्नमा समेत प्रदेश सरकारले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

**सन्दर्भ सामग्री :**


१. नेपालको संविधान, २०७२

२. जलवायु परिवर्तन बजेट कोड सन्दर्भ पुस्तिका, राष्ट्रिय योजना आयोग, २०६९

३. दिगो विकास लक्ष्य, राष्ट्रिय योजना आयोग, २०१५

४. राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६

५. वार्षिक विकास कार्यक्रमहरू, राष्ट्रिय योजना आयोग

६. कोशी प्रदेशको बजेट पुस्तिकाहरू, आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश

६. कोशी प्रदेशको आर्थिक वृद्धि सम्भाव्य क्षेत्र र प्राथमिकता, कम्युनिटी इन्गेजमेन्ट एण्ड आउटरिच, २०२२

७. Climate Resilent Planning, Tools for a Long Term Climate Adaptation, National Planning Commision, 2011

८. Climate Budgt Tagging, Experiance from the Asia, Governance of Climate Change Finance, Issue 1, 2016

९. Climate Change Related Iniditators for Nepal, Central Burau of Statistics, 2022

१०. Climate Change Budget Tagging: A Review of International Experience, The Word Bank Group, 2021

११. The Intergovernmental Panel on Climate Change (IPCC) Report, 2007 and 2022

१२. आ.व. २०७९/८० को वार्षिक विकास कार्यक्रम, प्रदेश योजना अयोग, कोशी प्रदेश

थप जानकारीका लागिः

**Community Engagements & Outreach**
400/41 Kamaladi Sadak, Kathmandu
Email: engage@ceo.com.np
Ph. No.: 01-4221507